cfa.vic.gov.au/languages



# के म जलाउन (बर्न अफ गर्न) सक्छु?

**वर्षको गर्मी समयमा CFA लेराज्यको विभिन्न भागहरुमा आगलागीको खतराको समय (Fire Danger Periods) घोषणा गर्दछ। आगो छिटो फैलिने र नियन्त्रण गर्न गाह्रो हुने दिनहरूमा तपाईंले जलाउने काम (बर्न अफ) गर्ने सम्बन्धमा के गर्न सक्नुहुन्छ र के गर्न सक्नुहुन्न भन्ने प्रतिबन्धहरू लाग्न सक्छन्।**

## के म बगैंचाको फोहोर जलाउन (बर्न अफ गर्न) सक्छु?

### आगलागीको खतराको अवधि (Fire Danger Periods)

तपाईंसँग CFA, Fire Rescue Victoria वा Municipal Fire Prevention Officer जारी गरेको लिखित अनुमति नभएसम्म तपाईंले आगलागीको खतराको अवधिमा (Fire Danger Period) जलाउने (बर्न अफ गर्न) काम गर्न पाईदैन। यदि तपाईंसँग अनुमति पत्र छ भने पनि तपाईंले निम्न कुराहरू गर्नु पर्छ:

- अनुमति पत्रमा उल्लिखित सबै शर्तहरू पालाना गर्ने,
- आगो बल्दै गर्दा सधैं एक व्यक्ति उपस्थित रहनुपर्छ र आगो निभाउन सक्ने क्षमता र उपकरणहरू हुनुपर्छ,
- सो व्यक्ति जानु अघि आगो पूर्ण रूपमा निभेको (बुझाइएको) हुनु पर्छ।

कुनै पनि अनुमति पत्रको बावजुद तपाईंले नगरपालिकाको स्थानीय कानूनहरूको पालना गरेको सुनिश्चित गर्नुपर्दछ, र जलाउने काम गर्न अघि यसलाई **1800 668 511** मा वा **cfa.vic.gov.au/languages** मा दर्ता गर्नु पर्छ।

### पूर्ण रूपमा आगो निषेधित दिन (Total Fire Ban Days)

पूर्ण रूपमा आगो निषेधित दिनहरूमा (Total Fire Ban Days) बर्न अफ गर्ना प्रतिबन्ध लगाइएको छ र पूर्ण रूपमा आगो निषेधित अवधिको (Total Fire Ban) लागि अनुमति पत्रहरू रद्द गरिन्छ। आगलागीको खतराको अवधि (Fire Danger Period) को अनुमति लिएर बर्न अफ काम शुरू भईसकेको छ भने सो अनुमति रद्द हुन्छ र पूर्ण रूपमा आगो निषेधित (Total Fire Ban) समय सुरु हुनु अघि आगो पूर्ण रूपमा निभाएको (बुझाइएको ) हुनुपर्छ।

थप कुराहरू जान्नको लागि QR कोड स्क्यान गर्नुहोस्।
**हामी सबै मिलेर आगलागीबाट बच्न सक्छौं।**